


# क्वीन्सल्याण्डमा किन्डी

## किन्डी भनेको के हो?

किन्डरगार्टेन, किन्डी भनेर चिनिने, प्रेप (क्विन्सल्याण्डमा स्कूलको पहिलो वर्ष) अघिको वर्षमा बालबालिकाहरूको लागि एक अंशकालिक शैक्षिक कार्यक्रम हो। किन्डी तपाईंको बच्चाले खेल अनुभव तथा अन्तरक्रियाहरूमार्फत सिक्ने एक स्थान हो जसले तिनीहरूहरूको प्रारम्भिक सिकाइ, कल्याण र विकासलाई सहयोग गर्दछ। किन्डीमा सहभागी भएर, बच्चाहरूले सिकाइमा लगावको विकास गर्छन् र उनीहरूको प्रेपको लागि परिवर्तनमा सहयोग पाउँछन्।

क्वीन्सल्याण्ड सरकारद्वारा स्वीकृत किन्डी कार्यक्रमहरू योग्य प्रारम्भिक बाल शिक्षकद्वारा प्रदान गरिन्छ। किन्डी कार्यक्रमहरू प्रारम्भिक बाल शिक्षा केन्द्रहरूमा; किन्डरगार्टेनमा पहुँच पाउन अवरोधहरू भएका चयन गरिएका ग्रामीण तथा दुर्गम र अन्य चयन गरिएका राज्य स्कूलहरूमा; र केन्द्रमा पहुँच गर्न नसक्ने केही बालबालिकाहरूको लागि दूरी शिक्षा वा eKindy द्वारा प्रदान गर्न सकिन्छ।

## किन्डीमा सिकाइ

किन्डीले साना बालबालिकाहरूलाई निम्न अवसरहरू प्रदान गर्दछ:

- विचार, भावना र आवश्यकताहरू सञ्चार गर्नको लागि भाषाको प्रयोग गर्न
- साथीहरू बनाउन, अरुहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न
- समस्याहरू पहिचान गर्न र समस्या समाधान गर्ने सीपहरूको विकास गर्न
- आफ्नो क्षमतामा थप विश्वस्त तथा आत्मनिर्भर बन्न
- आफ्नो संसारसँग जोडिन, अन्वेषण गर्न र योगदान पुर्याउन
- आफ्नो ज्ञानको निर्माण गर्न र नयाँ विचारहरूको अन्वेषण गर्न, आफ्नो आत्मविश्वास निर्माण गर्नमा मद्दत गर्न।

# कसरी भर्ना गर्ने

क्वीन्सल्याण्डमा, बालबालिकाहरूले प्रेप सुरु गर्नु अघिको वर्षमा किन्डीमा पढ्न जान सक्छन्। प्रत्येक सेवा फरक हुन्छ र केहीमा प्रतीक्षा सूची हुन सक्छ, त्यसैले आफ्नो बच्चा भर्ना गर्नको लागि उपयुक्त समयको बारेमा आफूले रोजेको सेवासँग कुरा गर्नु राम्रो हुन्छ।

किन्डीमा सहभागी हुन भर्ना भएको वर्षमा तपाईंको बच्चा 30 जुनसम्ममा 4 वर्षको हुनुपर्छ।

| बच्चा जन्मेको मिति | बच्चा किन्डीमा पढ्न जान सक्ने वर्ष |
|---|---|
| 1 जुलाई 2018 देखि 30 जून 2019 | 2023 |
| 1 जुलाई 2019 देखि 30 जून 2020 | 2024 |
| 1 जुलाई 2020 देखि 30 जून 2021 | 2025 |
| 1 जुलाई 2021 देखि 30 जून 2022 | 2026 |
| 1 जुलाई 2022 देखि 30 जून 2023 | 2027 |
| 1 जुलाई 2023 देखि 30 जून 2024 | 2028 |

आफ्नो बच्चालाई भर्ना गर्नको लागि तपाईंलाई के आवश्यक पर्नेछ:

- तपाईंको बच्चाको नाम र ठेगाना
- तिनीहरूको आमाबुवा, हेरचाहकर्ता वा अभिभावकको रूपमा तपाईंको विवरण
- कुनै पनि अदालतको आदेश वा अभिभावकत्वको आदेश वा योजनाहरूको विवरण
- आवश्यक कुनै पनि अतिरिक्त सहयोगको विवरण (जस्तै अशक्तता, खानाको एलर्जी वा अन्य आवश्यकताहरू)
- जन्ममितिको प्रमाण (जस्तै जन्म प्रमाणपत्र)
- स्वास्थ्य तथा खोपको स्थिति
- तपाईंको बच्चालाई लिन आउन अनुमति दिइएको व्यक्तिहरू र आपतकालीन अवस्थामा सूचित गर्नुपर्ने व्यक्तिको विवरण।

तपाईंको सेवाले यो जानकारी गोप्य राख्नेछ र तपाईंले आफ्नो बच्चाको रेकर्डमा पूर्ण पहुँच प्राप्त गर्नुहुनेछ।

# किन्डी कार्यक्रम छनोट गर्ने

क्वीन्सल्याण्डका सबै बालबालिकाहरू प्रेप अघिको वर्षमा स्वीकृत किन्डरगार्टेन कार्यक्रममा पढ्न योग्य छन्।

स्वीकृत किन्डरगार्टेन कार्यक्रमले सरकारी दिशानिर्देशहरू पूरा गर्दछ, र:

- सरकारी दिशानिर्देशहरू अनुसार, योग्य प्रारम्भिक बाल शिक्षकहरूद्वारा प्रदान गरिने सिकाइ कार्यक्रम हो
- प्रेप अघिको वर्षमा बालबालिकाहरूको लागि सामान्यतया हप्ताको 15 घण्टा, वर्षको 40 हप्ता प्रदान गरिन्छ
- क्वीन्सल्याण्ड किन्डरगार्टेन सिकाइ दिशानिर्देश वा अन्य क्वीन्सल्याण्ड पाठ्यक्रम र मूल्याङ्कन प्राधिकरणद्वारा मान्यताप्राप्त सिकाइ कार्यक्रमसँग आबद्ध छ।

क्वीन्सल्याण्ड सरकारद्वारा स्वीकृत कार्यक्रम पहिचान गर्नमा मद्दतको लागि, तल चित्रमा रहेको 'स्वीकृतिको किन्डी टिक' हेर्नुहोस्।

# किन्डीको लागि खर्च कति पर्छ

2023 देखि, क्वीन्सल्याण्ड सरकारले धेरै क्वीन्सल्याण्ड परिवारहरूको लागि किन्डीलाई सस्तो बनाउँदैछ। तपाईं सत्रीय किन्डरगार्टेनमा किन्डीमा वा लामो दिवा हेरचाहको किन्डरगार्टेनमा पढ्न जानुभयो भने तपाईं निःशुल्क किन्डी वा सस्तो किन्डीको लागि योग्य हुन सक्नुहुन्छ।

किन्डीका शुल्कहरू सेवाको आधारमा भिन्न हुन्छन्। आफूले रुचाएको किन्डीको शुल्क बारे विवरणहरूको लागि तिनीहरूलाई सम्पर्क गर्नुहोस्। तपाईं सस्तो वा निः शुल्क किन्डीको लागि योग्य हुनुहुन्छ कि हुनुहुन्न भनेर जाँच गर्न तपाईंले www.qld.gov.au/Kindysavings पनि हेर्न सक्नुहुन्छ।

पालनपोषण गर्ने परिवार सहित योग्य परिवारहरूलाई निःशुल्क वा सस्तो किन्डी प्रदान गरिन्छ, जससँग/जो:

- हालको अष्ट्रेलियाली सरकारी स्वास्थ्य हेरचाह  कार्ड (HCC) छ (वा एउटा बच्चा छ)
- हालको अस्ट्रेलियाली सरकारी निवृत्तिभरण सहुलियत कार्ड (स्वचालित HCC अधिकाररहरू) छ।
- डिपार्टमेन्ट अफ भेटरन्स अफेयर्सको गोल्ड कार्ड वा व्हाइट कार्ड छ
- HCC जारी गर्ने इरादा उल्लेख गर्दै सम्बन्धित निकायबाट पत्र जस्तो औपचारिक सञ्चार छ
- औपचारिक पालनपोषण वा नातेदार हेरचाह व्यवस्थाहरूको प्रमाण छ
- आदिवासी र/वा टोरेस स्ट्रेट आइल्यान्डर (वा रहेको बच्चा छ) को रूपमा पहिचान छ
- उही वर्षमा भर्ना भएका एउटै उमेरका तीन वा बढी बच्चाहरू छन्
- घर बाहिरको हेरचाह व्यवस्थामा औपचारिक बाल संरक्षणमा बस्ने बच्चाको रूपमा पहिचान गरिएको बच्चा छ
- अष्ट्रेलिया सरकारको शरणार्थी र मानवीय कार्यक्रम अन्तर्गत अष्ट्रेलिया प्रवेश गरेका छन्, वा शरण पाउने र अस्थायी भिसा लिने प्रक्रियामा छन्।

निःशुल्क वा सस्तो किन्डीको लागि अनुदान सिधै तपाईंको सेवा प्रदायकलाई प्रदान गरिन्छ। यसले तपाईंको निजी खर्च (out-of-pocket expenses) कम गर्न सक्छ। तपाईंले धेरै मापदण्डहरू पूरा गर्नुभए पनि यो एक पटक मात्र दाबी गर्न सकिन्छ।

अष्ट्रेलियाली सरकारको पारिवारिक कर लाभको लागि योग्य परिवारहरू पनि घटाइएको (कम) शुल्कको लागि योग्य हुन सक्छन्।

लामो दिवा हेरचाह सेटिङ (वातावरण) मा किन्डी कार्यक्रममा सहभागी हुने बालबालिकाका परिवारहरू पनि अष्ट्रेलियाली सरकारी बाल हेरचाह अनुदानको लागि योग्य हुन सक्छन्।

यी अष्ट्रेलियाली सरकारी अनुदानहरूको लागि योग्यता बारे जानकारी सेन्टरलिंक (Centrelink) बाट उपलब्ध हुन्छ।

**थप जानकारी**
निम्न वेबसाइट हेर्नुहोस्: www.qld.gov.au/kindy